चुलाचुली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**अनुसूची २**

चुलाचुली गाउँपालिकाको

# राजपत्र

| खण्ड, संख्या, ८ प्रकाशित मिति २०७६/११/३० |
|---|

**भाग-१**

## चुलाचुली गाउँपालिकाद्वारा जारी
## चुलाचुली गाउँपालिकाको, संघ/संस्था दर्ता एवं सूचिकृत सम्बन्धी ऐन, २०७६

आज्ञाले,
काजीमान राई
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

चुलाचुली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**चुलाचुली गाउँपालिकाको गाउँसभाबाट**
**पारित एवं प्रमाणिकरण मिति २०७६/१०/१९**

**चुलाचुली गाउँपालिकाद्वारा जारी**

# चुलाचुली गाउँपालिकाको, संघ/संस्था दर्ता एवं सूचिकृत सम्बन्धी ऐन, २०७६

आज्ञाले,
काजीमान राई
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# चुलाचुली गाउँपालिकाको, संघ/संस्था दर्ता एवं सूचिकृत गर्ने सम्बन्धी ऐन, २०७६

**प्रस्तावना :-**

आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, शैक्षिक, साहित्यिक, व्यवसायिक, शारीरिक, बौद्धिक एवं वैज्ञानिक, पर्यटकीय र परोपकारी कार्यहरुको विषयमा चुलाचुली गाउँपालिका भित्रको क्षेत्रमा कार्यक्षेत्र तोकी सो संग सम्बन्धित उद्धेश्य राखी त्यस अनुरुपको कार्यहरुसञ्चालन गर्ने गराउने संस्थाहरुको स्थापना र दर्ता/सूचिकृत तथा खारेजी गर्ने सम्बन्धमा व्यवस्था गर्न बाञ्छनीय भएकोले,संविधानको धारा २२१ को उपधार (१) र धारा २२६तथा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१)बमोजिमको अधिकार प्रयोग गरीचुलाचुली गाउँपालिकाको गाउँ सभाले यो **"संघ/संस्था दर्ता एवं सूचिकृत गर्ने सम्बन्धी ऐन, २०७६"** बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम चुलाचुली गाउँपालिकाको "**संघ/संस्था दर्ता एवं सूचिकृत गर्ने सम्बन्धी ऐन, २०७६**" रहेको छ।

(२) यो ऐन गाउँ सभाबाट पारित भई चुलाचुली गाउँपालिकाको राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ।

(३) यो ऐन चुलाचुली गाउँपालिकाको क्षेत्र भित्र मात्र लागु हुनेछ।

२.**परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "संस्था" भन्नाले आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, शैक्षिक, साहित्यिक, व्यवसायिक, शारीरिक, बौद्धिक एवं वैज्ञानिक र परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद्, सामुदायिक संस्था वा प्रतिष्ठान, अध्ययन केन्द्र आदि सम्झनुपर्छ।

(ख) "अध्यक्ष"भननालेचुलाचुलीगाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ग) "उपाध्यक्ष"भननालेचुलाचुलीगाउँपालिकाकोउपाध्यक्षलाई सम्झनु पर्छ।

(घ) "गाउँपालिका" भन्नाले चुलाचुली गाउँपालिका सम्झनु पर्छ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चुलाचुली गाउँपालिकाको प्रमुख प्रशाकीय प्रमुखलाई सम्झनुपर्छ

(च) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनुपर्छ।

(छ) "ऐन" भन्नाले चुलाचुली गाउँपालिकाको "**संघ/संस्था दर्ता एवं सूचिकृत गर्ने सम्बन्धी ऐन, २०७६**" लाई सम्झनु पर्छ।



Scanned with CamScanner

(ज) "मन्त्रालय" भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वा सो कामको लागि तोकिएको संघको मन्त्रालय र सो कामको लागि तोकिएको प्रादेशिक मन्त्रालय समेतलाई सम्झनु पर्छ ।

(झ) "बिषयगत शाखा" भन्नाले चुलाचुली गाउँ कार्यपालिका अन्तरगतको बिषयगत शाखा, उपशाखा, कार्यालय वा इकाईलाई सम्झनुपर्छ ।

(ञ) "सार्वजनिक संस्था" भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंसिक स्वामित्व भएको संस्था, प्रचलित कानून बमोजिम स्थापना भएका संगठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनु पर्छ ।

(ट) "व्यवसायिक संस्था" भन्नाले कम्पनी, उद्योग, कलकारखना, बहुउद्धेश्यि व्यापारिक भवन जस्ता व्यवसायीक प्रतिष्ठान सम्झनु पर्छ ।

(ठ)"प्रवन्ध समिति"भन्नाले दर्ता भई सञ्चालन हुने संस्थाको विधान बमोजिम गठन हुने तदर्थ समितिलाई सम्झनु पर्छ ।

(ड) "कार्य समिति" भन्नाले संस्थाको विधान बमोजिम साधारण सभाबाट निर्वाचित कार्यकारेणी समितिलाई सम्झानु पर्छ ।

(ढ) "साधारणसभा वा विशेष साधारणसभा" भन्नाले यस संस्थाको सम्पूर्ण सदस्यहरुको भेला वा विशेष भेलालाई सम्झनु पर्दछ ।

(ण) "तोकिएको वा तोकिए बमोजिम"भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **दर्ता नगरी संस्था खोल्न नहुने** : यस ऐन वमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुँदैन ।

४. **संस्थाको दर्ता**: (१) संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्थासम्बन्धी देहायको विवरण खुलाई प्रवन्ध वा तदर्थ समितिको पदाधिहरुको सहिछाप सहितको संस्थाको विधानको ४ प्रति र तोकिएको दस्तुर सहित गाउँपालिका कार्यालयमा अनुसुचि-१ बमोजिमको निवेदन दिनु पर्नेछ । तदर्थ समिति वा कार्य समितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये सचिव मध्ये एकजना महिला अनिवार्य हुनुपर्ने र पुर्ण कार्य समितिमा ३३ प्रतिशत महिला अनिवार्य हुनुपर्ने छ ।

(क) संस्थाको नाम,
(ख) उद्देश्यहरु,
(ग) प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,
(घ) आर्थिक श्रोत,
(ङ) कार्यालय रहने ठेगाना,
(च) संस्थाको कार्य क्षेत्र
(छ) चालचलन

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी अनुसुचि ३ बमोजिमको दर्ताको प्रमाण-पत्र दिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको कारण सहितको लिखित जानकारी वा सूचना ७ दिन भित्र निवेदकलाई दिनु पर्नेछ ।



Scanned with CamScanner

त्यसरी दिएको लिखित जानकारी वा सूचनामा निवेदकलाई चित्त नबुझेमा सो लिखित जानकारी वा सूचना प्राप्त गरेको मितिले १५ दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले संस्था दर्ता नगर्ने निर्णय उपर गाँपालिका अध्यक्ष समक्ष कारण र प्रमाण सहित पुनः निवेदन वा उजुर गर्न सक्नेछ ।

(४) उपदफा ३ बमोजिमको निवेदन वा उजुरी प्राप्त भएपछि गाउँपालिका अध्यक्षले सो निवेदन वा उजुरीको आवश्यक जाँचबुझ गरी हेर्दा संस्था दर्ता गर्न मनासिव नदेखेमा सोहि अनुरुपको आदेश लेखी निवेदकलाई जानकारी गराउनु पर्नेछ तर मनासिव देखेमा संस्था दर्ता गर्ने प्रमुख प्रशासकीय अधिकृतलाई संस्था दर्ता गर्न आदेश दिन सक्नेछ । गाउँपालिकाको अध्यक्षबाट त्यस्तो आदेश प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले संस्था दर्ता गरिदिनु पर्नेछ ।

(५) यस दफा अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा, अवधि, नवीकरण र नवीकरण दस्तुर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

५. **संगठित संस्था मानिने** : (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था गैरराजनीतिक, मुनाफा रहित र अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप र विधान हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र वेचबिखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजु र गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालीस उजुर लाग्नेछ ।

६. **संस्थाको सदस्यता वर्गीकरण** : संस्थामा देहाय बमोजिमका सदस्यहरु हुनेछन् ।

क) साधारण सदस्य

ख) संस्थापक सदस्य

ग) आजीवन सदस्यः

घ) मानार्थ सदस्य

७. **संस्थाको सम्पत्ति** : (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतलेगरेको कारवाईमा चित्त नबुझ्ने व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै आघात पुऱ्याएमा संस्थाको कुनै सदस्य वा प्रमुख प्रशासकीय अधिकृतले प्रचलित कानून बमोजिम मुद्दाको कारवाही चलाउन सक्नेछ ।

८. **यस अघि प्रचलित कानून बमोजिमदर्ता भई स्थापना भएका संस्था र व्यवसायीक संस्था समेतले सुचिकृत हुनुपर्ने** : यो ऐन प्रारम्भ हुनुभन्दा अघि स्थापना भई



Scanned with CamScanner

तत्काल प्रचलित कानून संस्था दर्ता ऐन २०३४ बमोजिम दर्ता भई चुलाचुली गाउँपालिका क्षेत्र भित्र सञ्चालित वासंचालनमा रहेका सम्पुर्ण संघ संस्था वा प्रतिष्ठान यसै ऐन बमोजिम दर्ता भएको मानिने छ । तसर्थ उक्त संघ संस्था वाप्रतिष्ठान तथा व्यवसायीक संस्था समेतले यो ऐन जारी भए पश्चात अनिवार्य रुपमा गाउँपालिकालेतोके बमोजिमको दस्तुर बुझाई सूचिकृत भई यो ऐनको दफा ९ बमोजिम सुचिकृतको प्रमाण पत्र प्राप्त गरी सञ्चालन गर्नु पर्नेछ ।

९. **संस्था दर्ता वा सुचिकृत नभई कार्य सञ्चालन गर्न नमिल्ने** : यो ऐन बमोजिम दर्ता वा सूचिकृत भएका संघ संस्थाले मात्र कानूनी मान्यता प्राप्त गर्नेछन । यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानूनबमोजिम दर्ता नभई स्थापना भएका र संचालनमा रहेका संघ संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले ६ महीनाभित्र यो ऐन बमोजिम अनुसुचि २ अनुसार निवेदन दिई अनिवार्य सुचिकृत गरी अनुसुचि ४ बमोजिम प्रमाण पत्र लिनु पर्नेछ। दर्ता शुल्क तोकिएबमोजिम हुनेछ ।

१०. **संस्थाको उद्देश्यहरुमा हेरफेर** : (१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको प्रवन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्तावउपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा वा विषेश साधारण सभा बोलाउनु पर्नेछ।

(२) साधारण सभा विषेश साधारणमा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर, सो प्रस्ताव लागू गर्न गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिनु पर्नेछ ।

११. **संस्थाले कार्य समिति निर्वाचित गर्नु पर्ने** : संस्था दर्ता हुँदाका बखत तोकिएको तदर्थ समितिले संस्था सथापना भई दर्ता भएको मितिले ६ महिना भित्र विधान बमोजिम संस्थाको नयाँ कार्य समिति निर्वाचित गर्नु पर्नेछ । निर्वाचित नयाँ कार्य समितिले मात्र साधारण सभा बैठक बोलाउन सक्नेछ ।

१२. **संस्थाले साधारण सभा गर्नु पर्ने** :संस्थाले आफ्नो वार्षिक क्रियाकलापका सम्बन्धमा प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि अशोज मसान्त भित्रमा अनिवार्य वार्षिक साधारण सभा बैठक सम्पन्न गर्नु पर्नेछ ।

१३. **विवरण पेश गर्नु पर्ने** : संस्थाको कार्य समितिले आफ्नो संस्थाको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित कार्य समितिको बैठकको निर्णय, वार्षिक साधारण सभाको निर्णय र वार्षिक प्रगती समेतको विवरणहरु प्रत्येक वर्ष गाउँपालिकाको सम्बन्धीत शाखामा पेश गर्नु पर्नेछ ।

१४. **अध्यावधिक वा नविकरण गर्नु पर्ने** : संस्थाले लेखा परीक्षकको प्रतिवेदन सहितको विवरण पेश गरी दर्ता गरे पश्चात संस्थाले प्रत्येक वर्ष अध्यावधिक वा नविकरण गर्नु पर्नेछ। अध्यावधिक वा नविकरण गर्दा लाग्ने दस्तुर तोकिए बमोजिम हुनेछ।

तर अन्य सम्बन्धति निकायमा दर्ता भएका र गाउँपालिकामा सूचिकृत भएका संघ संस्था वा व्यवसायीक प्रतिष्ठानहरुले आफु दर्ता भएकै सम्बन्धीत निकायबाट अध्यावधिक वा नविकरण भई आएपछि गाउँपालिकामा पुनः अध्यावधिक वा नविकरण गर्नु पर्ने छैन । तर वार्षिक विवरण अनिवार्य पेश गरी पुनः सूचिकृत भने हुनु पर्नेछ ।



Scanned with CamScanner

**१५. हिसाब किताब चेक जाँच गर्न सक्ने** : (१) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा संस्थाको हिसाब किताव आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा चेक जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अधिकृतले त्यस्तो संस्थाको हिसाव किताव चेक जाँच गर्दासो वापत वापत हिसाव जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा ५ प्रतिशतमा नबढाई आफूले निर्धारित गरेको दस्तूर असूल गरी लिन सक्नेछ ।

(३) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) प्रमुख प्रशासकीय अधिकृतले तोकिदिएको म्याद भित्र हिसाव जाँचको प्रतिवेदन हिसाव जाँच गर्ने अधिकृतले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई लागेमा निजले उक्त हिसाब जाँचको प्रतिवेदन गाउँपालिकाको अध्यक्ष समक्ष पेश गरी गाउँपालिका अध्यक्षले पनि सो प्रतिवेदन हेरी त्यस्तो हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने देखेमा संस्थाको त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीवाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानून वमोजिम कारवाई चलाउन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिन सक्नेछ । तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून वमोजिम मुद्दा चलाउन लगाउनेछ ।

**१६. निर्देशन दिने** : गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१७. दण्ड सजाय :** (१) दफा ३ वमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ वमोजिम दर्ता वा सूचिकृत नभई संस्था संचालन गरेमा त्यस्ता संस्थाका प्रवन्ध समिति/तदर्थ समिति/कार्यसमितिका पदाधिकारी वा सदस्यहरुलाई प्रमुख प्रशासकीय अधिकृतले दुई हजार देखि पाँच हजार रुपैयाँ सम्म जरीवाना गर्न सक्नेछ ।

(२) दफा १२ वमोजिम संस्थाको वार्षिक विवरण र हिसावको विवरण तोकिएको समयमा गाउँपालिकाको सम्वन्धीत शाखामा पेश नगरेमा संस्थालाई प्रमुख प्रशासकीय अधिकृतले एक हजार रुपैयाँ जरीवाना गर्नेछ । एक आर्थिक वर्षको विवरण नबुझाई थप अर्को आर्थिक वर्षको विवरण पनि तोकिएको समयमा नबुझाएमा थप एक हजार रुपैयाँ जरीवाना गर्नेछ । तर ३ वर्ष सम्म पनि विवरण पेश नगरी बसेमा वा अध्यावधिक वा नविकरण समेत नगरेमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले आवश्यक कानूनी कारवाहि गर्नुका संस्था खारेज गर्न सक्नेछ ।

(३) दफा १४ को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने संस्थाको सम्वन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले एक हजार देखी ति हजार रुपैंया सम्म जरीवाना गर्न सक्नेछ ।



Scanned with CamScanner

(४) दफा ९ बमोजिम प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति नलिई कुनै संस्थाको उद्देश्यमा आफैंले हेरफेर गरेमा वा अनुमती नलिई कार्य गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा नेपाल सरकारले दिएको निर्देशन पालन नगरेमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संघ संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ वा कानूनी कार्वाही गर्न सक्नेछ ।

१८. **पुनरावेदन**: दफा १६ बमोजिम गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर चित्त नवुझेमा सो निर्णय गरेका वा भएको मितिले पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

१९. **संस्थाको विघटन र त्यसको परिणाम**: (१) संस्थाको विधान बमोजिम कार्य सन्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिका अर्थात नेपाल सरकारको हुनेछ ।

(२) उपदफा (१) वमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व नेपाल सरकारले व्यहोर्नेछ । तर जायजेथाले नखामेमा सो नखामेजतीको रकम संस्थाको प्रवन्ध वा तदर्थ समिति /कार्य समितिका पदाधिकारी एवं सदस्यहरु समेतवाट प्रचलित कानून वमोजिम असुल उपर गर्नेछ ।

२०. **नियम वा कार्यविधि बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न चुलाचुली गाउँ कार्यपालिकाले नियम वा कार्यविधि वनाउन सक्नेछ ।

२१. **अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने**: कुनै संघ संस्थाको दर्ता वा स्थापना गर्ने सम्वन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

२२. **खारेजी र वचाउ** : यस ऐनमा लेखिएको कुरामा यसै वमोजिम हुनेछ ।
तर पछि संघिय वा प्रदेश व्यवस्थापिकाले यसै संग सम्वन्धीत कानून निर्माण गरी जारी गरेका वखत यो ऐनमा हाल भएका कुनै दफा वा व्यवस्था सो कानूनसंग वाझिएमा सो वाझिएको हदसम्म अमान्य हुनेछ ।



Scanned with CamScanner

अनुसुचि-१

दफा ४ को उपदफा (१) सँग सम्वन्धित

## संस्थाको दर्ताको निवेदनको ढांचा

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू ,
चुलाचुली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चुलाचुली इलाम ।

**विषय:- संस्था दर्ता गरी पाउँ ।**

महोदय,

हामी ........... गाउँपालिकाको संघ/संस्था दर्ता एवं सुचिकृत गर्ने सम्वन्धी ऐन, २०७६ को दफा ४ (२) बमोजिम ...................................नामको संस्था गठन गरी दर्ता गराउन चाहेको हुँदा संस्था दर्ताका लागि आवश्यक पर्ने कागजातहरु सहित देहायको विवरण खुलाई प्रस्तावितसंस्थाको दुई प्रति विधान सहित दरखास्त दिएका छौं । अत: सोहि अनुसार संस्था दर्ता गरी सो को प्रमाण पत्र पाउँ ।

**विवरण :**

१. संस्थाको नाम र ठेगाना:

२. कार्यक्षेत्र:

३. उद्देश्यहरु:

(क)

(ख)

(ग)

४. तदर्थ समितिमा रहेका पदाधिकारी तथा सदस्यहरुको नाम, थर, वतन र पेशा :

(क)

(ख)

(ग)

(घ)

(ङ)

(च)

(छ)

५. सेवाको किसिम :

६. सेवा पुर्‍याउने क्षेत्र :

७. अनुमानित आर्थिक स्रोतको विवरण :

८. संस्थाको ठेगाना :

**निवेदक,**
**संस्थाको तर्फबाट अधिकार प्राप्त व्यक्तिको**
**नाम :**
**दस्तखत:**
**पद :**



Scanned with CamScanner

अनुसुचि-२

दफा ९ सँग सम्वन्धित

## संस्थाको सुचिकृतको निवेदनको ढांचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू ,
चुलाचुली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चुलाचुली इलाम ।

**विषयः- संस्था सुचिकृत गरी पाउँ ।**

महोदय,

हामी ........... गाउँपालिकाको संघ/संस्था दर्ता एवं सुचिकृत गर्ने सम्वन्धी ऐन, २०७६ को दफा ९ बमोजिम ........................... नामको संस्था ........................ कार्यालयमा दताई भई प्रमाण पत्र प्राप्त भएको र संस्थाले नियम अनुसार संस्था सुचिकृत गर्न आवश्यक भएकोले सुचिकृत गर्न आवश्यक पर्ने कागजातहरु सहित देहायको विवरण खुलाईसंस्थाको प्रमाणित विधान र प्रमाण पत्रको प्रतिलिपी सहित दरखास्त दिएका छौं। अतः सोहि अनुसार संस्था सुचिकृत गरी सो को प्रमाण पत्र पाउँ ।

**विवरण :**

१. उपभोक्ता संस्थाको नाम र ठेगानाः

२. कार्यक्षेत्रः

३. उद्देश्यहरुः

(क)

(ख)

(ग)

४. तदर्थ समिति वा कार्य समितिमा रहेका पदाधिकारी तथा सदस्यहरुको नाम, थर, वतन र पेशा :

(क)

(ख)

(ग)

(घ)

(ङ)

(च)

(छ)

५. सेवाको किसिम :

६. सेवा पुऱ्याउने क्षेत्र :

७. अनुमानित आर्थिक स्रोतको विवरणः

८. संस्थाको ठेगानाः

**निवेदक,**
**संस्थाको तर्फबाट अधिकार प्राप्त व्यक्तिको**
**नाम :**
**दस्तखतः**
**पद :**



Scanned with CamScanner

अनुसुची -३

दफा ४ को उपदफा (२) सँग सम्वन्धित

# चुलाचुली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, चुलाचुली, इलाम

## संघ/संस्था दर्ता प्रमाण-पत्र

दर्ता नं. ............

दर्ता मिति ..............

श्री चुलाचुली गाउँपालिका वडा नं..........मा कार्यालय रहि ..............................मा कार्यक्षेत्र रहने गरी ...........................................नामक संघ/संस्थालाई चुलाचुली गाउँपालिकाको संघ/संस्था दर्ता एवं सुचिकृत गर्ने सम्बन्धी ऐन, २०७६ को दफा ४ को उपदफा २ बमोजिम गाउँपालिकाको कार्यालयमा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत
चुलाचुली गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, चुलाचुली,
इलाम



Scanned with CamScanner

## नविकरण लागत

| नविकरण गरेको मितिः | दर्ता प्रमाण-पत्र बहाल रहने अवधि | नविकरण दस्तुर | नविकरण गर्नेको दस्तखत र कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

संस्था दर्ता प्रमाणीकरण मिति : ......................

आज्ञाले,

......................

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

अनुसुची -४
दफा ९ सँग सम्वन्धित

# चुलाचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय, चुलाचुली, इलाम

## संघ/संस्था दर्ता प्रमाण-पत्र

दर्ता नं. .............

दर्ता मितिः .............

श्री चुलाचुली गाउँपालिका वडा नं...........मा कार्यालय रहि ................................मा कार्यक्षेत्र रहने गरी ..........................................नामक संघ/संस्थालाई चुलाचुली गाउँपालिकाको संघ/संस्था दर्ता एवं सुचिकृत गर्ने सम्वन्धी ऐन, २०७६ को दफा ४ को उपदफा २ वमोजिम गाउँपालिकाको कार्यालयमा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत
चुलाचुली गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, चुलाचुली,
इलाम



Scanned with CamScanner

# नमुना

## ................................... संस्थाको

## विधान २०...

### प्रस्तावना

.............................................................................................................................................

.............................................................................................वाञ्छनिय भएकाले चुलाचुली गाउँपालिकाको संघ/संस्था दर्ता एवं सुचिकृत गर्ने सम्बन्धी ऐन, २०७६ को अधिनमा रही .................. नामक संस्थाको विधान तर्जुमा गरीएको छ।

### परिच्छेद -१

### प्रारम्भिक

१. **संस्थाको नामः**

यस संस्थाको नाम "......................" रहनेछ। अग्रेजिमा यसलाई " ............................" भनिनेछ।

(क) संस्थाको कार्यालय रहने ठेगानाः- यस संस्थाको कार्यालय चुलाचुली गाउँपालिका वडा नं. ......मा रहनेछ।

(ख) संस्थाको कार्य क्षेत्रः- यस संस्थाको कार्यक्षेत्र चुलाचुली गाउँपालिका /...नं. वडा भरि हुनेछ। अन्य वडामा कायक्षेत्र विस्तार गर्नु पर्ने भएमा गाउँपालिकाको स्वीकृति लिई विस्तार गर्न सकिनेछ।

(ग) प्रारम्भः- यो विधान दर्ता भएको मिति देखी प्रारम्भ/लागु हुनेछ।

(घ) संस्थाको अस्तित्वः- यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला, संगठित, स्वाशासित, गैर-नाफामुलक, गैर-राजनीतिक तथा गैर-सरकारी सामाजिक संस्था हुनेछ। संस्थावाट आफ्नो उद्देश्य वाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई परामर्श प्रदान गर्ने कार्य गरीने छैन।

२. **परिभाषा :** विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस विधानमाः

क) "विधान" भन्नाले "............................" नामक संस्थाको विधानलाई संझनुपर्दछ।

ख) "संस्था" भन्नाले "............................" संस्थालाई जनाउने छ।

ग) "सदस्य" भन्नाले यस विधान वमोजिम सदस्यता प्राप्त गरेका ब्यक्तिलाई सम्झनु पर्छ।

घ) "कार्यसमिति" भन्नाले यस विधान बमोजिम निर्वाचित कार्यकारणी समितिलाई सम्झनु पर्नेछ।

ङ) "पदाधिकारी" भन्नाले विधान बमोजिम निर्वाचित संस्थाको अध्यक्ष, उपाध्यक्ष,सचिव, सह सचिव, कोषाध्यक्ष, र कार्यसमितिका सदस्यहरु र अन्य कुनै पद ग्रहण गर्ने व्यक्तिलाई सम्झनु पर्दछ।

च) "साधारणसभा वा विशेष साधारणसभा" भन्नाले यस संस्थाको सबै प्रकारको सदस्यता लिएका सम्पूर्ण सदस्यहरुको भेला वा विशेष भेलालाई सम्झनु पर्दछ।

छ) "कोष" भन्नाले ..................................संस्थाको आर्थिक कोषलाई जनाउनेछ।

ज) "संस्थापक सदस्य" भन्नाले संस्था स्थापनाकालमा बनेको यस विधान वमोजिम रहेका तदर्थ समितिका पदाधिकारीहरुलाई सम्झनु पर्दछ।

झ) "तोकिएको वा तोकिए वमोजिम" भन्नाले विधानको परिधिभित्र रहि साधारण सभाको निर्णयले तोकेको प्रक्रियालाई जनाउनेछ।

ञ) "सम्बन्धित अधिकारी" भन्नाले गाउँपालिकाको पमुख प्रशासकिय अधिकृतलाई जनाउँछ।

ट) "नियम, विनियम" भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियमलाई जनाउँछ।

ठ) "ऐन" भन्नाले चुलाचुली गाउँपालिकाको संघ/संस्था दर्ता एवं सुचिकृत गर्ने सम्बन्धी ऐन, २०७६ लाई जनाउने छ।



Scanned with CamScanner

ङ) "स्थानीय तह (स्थानीय सरकार)" भन्नाले गाउँपालिका, नगरपालिका , उपमहानगर, महानगर र जिल्ला समन्वय समिती समेतलाई जनाउने छ ।

३. **संस्थाको छाप र चिन्हः**

प्रचलित व्यवस्थाको प्रतिकुल नहुने गरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह पछि समितिवाट निर्णय भए वमोजिम हुनेछ । यसको प्रयोग संस्थाको कामकाजसंग सम्बन्धित कागजातमा मात्र गरिनेछ। यो छाप सचिव र अध्यक्षको जिम्मामा रहनेछ। तर संस्थाको नाम छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासंग मेल खाएमा संशोधनको प्रक्रियाद्वारा तुरुन्त संशोधन गरीने छ।

## परिच्छेद -२
## उद्देश्य

४. **संस्थाको उद्येश्य : संस्थाको उद्देश्य देहाय वमोजिम रहनेछः-**

(क) ..........................................

(ख) ..........................................

(ग) ..........................................

५. **संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः** यस संस्थाको उपरोक्त उद्देश्यहरु प्राप्त गर्न देहायको कामहरु गर्नेछः-

क) संस्थाले प्रचलित नेपाल कानून तथा चुलाचुली गाउँपालिकाको संघ/संस्था दर्ता एवं सुचिकृत गर्ने सम्बन्धी ऐन, २०७६ वमोजिम गाउँपालिकाबाट अनुमति वा ईजाजत प्राप्त गरेर मात्र आफ्ना उद्देश्यहरु कार्यान्वयन गर्नेछ ।

ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने छ । कम्प्युटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालयमा आवश्यक पर्ने सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तीनको सेवा शर्तहरु निर्धारण गर्नेछ ।

घ) संस्थाको उद्धेश्य प्राप्तिका लागी आवश्यक पर्ने सम्पुर्ण कार्यहरु गर्ने ।

## परिच्छेद -३
## सदस्यता

६. **सदस्यहरुको वर्गिकरण :**

यस संस्थाको देहाय वमोजिम ४ प्रकारका सदस्यहरुको वर्गिकरण गरिएको छः

क) साधारण सदस्यः

यस विधानको दफा ७ वमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले तोकिएको प्रक्रिया अन्तर्गत रही आवेदन गरेमा संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुने छन।

ख) संस्थापक सदस्यहरुः

यस संस्था दर्ता हुंदा वखतका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन । संस्थापक सदस्यहरुले साधारण वा आजिवन सदस्यता लिएर विधान वमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

ग) आजीवन सदस्यः

संस्थाको विकासको लागि विशेष सहयोग दान पुऱ्याउने व्यक्तिहरुलाई तोकिएको प्रक्रिया अन्तर्गत आजीवन सदस्यता प्रदान गरिने छ।

घ) मानार्थ सदस्यः

उपयुक्त ठहर गरेको विशिष्ठ समाजसेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई संस्थाको मानार्थ सदस्य प्रदान गर्न सक्नेछ तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन ।



Scanned with CamScanner

**७. सदस्यता प्राप्तीको लागि आवश्यक योग्यता:**

यस संस्थाको सदस्यको लागि देहाय वमोजिमको योग्यता पुगेको हुनु पर्नेछ:

क) नेपाली नागरिक भएको ।
ख) १८ वर्ष उमेर पुरा गरेको ।
ग) मानसिक सन्तुलन नगुमाएको ।
घ) सार्वजनिक सम्पत्ती हिनामिना गरेको नठहरेको ।
ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको ।

**८. संस्थाको सदस्य प्राप्त गर्न वा वहाल रहन नसक्ने अवस्था:**

देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यताको सदस्य पद प्राप्त गर्न सक्ने छैन ।

क) गैर नेपाली नागरिक ।
ख) १८ वर्ष उमेर पुरा नगरेको ।
ग) मगज विग्रेको वा मानसीक सन्तुलन गुमाई वौलाएको ।
घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको ।
ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय पाएको ।
च) सम्वन्धित संस्थाको व्यवसायमा नीजि स्वार्थ भएको ।
छ) साहूको दामासाहीमा परेको ।
ज) कुनै फौजदारी अपराधको अभियोगमा अदालतवाट कसुरदार ठहरी सजाय पाई सजाय भुक्तान भए गरेको एक वर्ष भित्र ।

**९. देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको वहाल रहने छैन ।**

(क) यस विधानको दफा ८ को उपदफा (१) बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।
(ख) साधारण सभाको ७५% बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।
(ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ।
(घ) संस्थाको काम कारवाहीमा वेइमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।
(ङ) यस विधान वमोजिम संस्थाले गर्न नहुने, भनि तोकिएको कुनै कार्य गरेमा ।
(च) सदस्यता शुल्क बुझाउन वांकी भएमा ।
(छ) संस्थाको नामको जायजेथा, चलअचल श्री सम्पत्ति व्यक्तिगत मुनाफा एवं प्रयोजनको लागि प्रयोग गरेको प्रमाणित भएमा ।
(ज) साधारण सभामा उपस्थित सदस्य संख्याको दुई तिहाई बहुमतले वा समितिको वहुमतले कुनै सदस्यको पद रिक्त गराउने उचित कारण देखाई सो अनुसारको निर्णय गरेमा ।
(झ) संस्था विघटन भै खारेज भएमा ।

**१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :-**

यस विधानको दफा ६ बमोजिमको सदस्यहरुले देहाय वमोजिमको उपदफामा तोकिएको शुल्क तिरी, सदस्यता प्राप्त गर्न सक्नेछन् ।

१. साधारण सदस्य :

(क) साधारण सदस्य प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क वापत रु. .........।- बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्नेलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिने छ ।
(ख) त्यस्ता साधारण सदस्यले वार्षिक रुपमा रु........।-वुझाई नविकरण गर्नु पर्नेछ ।
(ग) साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक वर्ष आषाढ महिनाको मसान्त भित्र नविकरण गराई सक्नु पर्नेछ र त्यसपछिको हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाई नविकरण गर्न सक्ने छ



Scanned with CamScanner

२. संस्थापक सदस्य :

क) यो संस्था दर्ता हुंदाका वखतका तदर्थ समितिका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन् ।

ख) संस्थापक सदस्यहरुले विधानमा उल्लेख भए वमोजिमको शुल्क बुझाई साधारण सदस्य वा आजीवन सदस्य प्राप्त गर्न सक्ने छन् ।

३. आजीवन सदस्य :
संस्थामा एकमुष्ट रु......।- बुझाई तोकिएको प्रक्रिया अन्तर्गत आवेदन दिने व्यक्तिहरुलाई कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्ने छ ।

४. मानार्थ सदस्य :
साधारण सभाको निर्णयले उपयुक्त ठानेको कुनै समाजसेवी वा विशिष्ट तथा प्रतिष्ठित व्यक्तिहरुलाई मानार्थ सदस्य प्रदान गर्न सक्ने छ, तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।

५. कुनै आवेदकलाई सदस्य नदिने निर्णय गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिईने छ ।

६. सवै सदस्यहरुले यस विधान र विधान अन्तर्गत वनेको नियम र विनियम वमोजिम भएको व्यवस्थाको पालना गर्नु पर्ने छ ।

७. संस्थाले प्रदान गरेको उपदफा १,२,३ र ४ अनुसारको सदस्यहरुको तोकिएको ढांचामा छुट्टै अभिलेख पुस्तिका रहने छ ।

## परिच्छेद ४

## साधारण सभा, कार्य समिति तथा वैठक सम्वन्धि व्यवस्था

**११. साधारण सभा गठन :** यस संस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु वाहेक अन्य सदस्यहरुबाट संस्थाको साधारण सभा हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुने छन् । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

१. यस संस्थाको साधारण सभा, देहाय वमोजिम हुनेछ ।

क) वार्षिक साधारण सभा: वर्षको एक पटक वार्षिक साधारण सभा वस्ने छ ।

ख) विशेष साधारण सभा: संस्थाको कूल सदस्य संख्याको १/३ (एक तिहाई) सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा, कार्यसमितिले कम्तीमा ७ (सात) दिन भित्र अनिवार्य रुपमा बोलाउनु पर्दछ । तर साधारण सभा वा विशेष सभा वसेको ६ महिना भित्र पुनः विशेष साधारण सभा वस्न सक्ने छैन ।

२. यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था स्थापना भएको आ.व.समाप्त भएको मितिले दुई महिना भित्रमा गरिने छ र त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले आश्विन मसान्त भित्र गरिने छ ।

३. यस संस्थाको **वार्षिक साधारण सभा** गर्नको लागि कम्तीमा **१५ दिन** अगावै र **विशेष साधारण सभा** गर्नका लागि कम्तीमा **७ दिन** अगावै सभा हुने स्थान, मिति, समय, र छलफल गर्ने विषय खोली सवै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सूचना दिईनेछ ।

४. उप-दफा ४ वमोजिम बोलाईएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ वमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाईने छ । त्यसरी बोलाइएको साधारण सभामा पनि गणपूरक संख्या नपुग संख्या भएमा तोकीएको संख्यामा उपस्थित नभए ४० प्रतिशतलाई नै गणपुरक संख्या मानिनेछ ।



Scanned with CamScanner

१२. **साधारण सभाको काम, कर्तव्य र अधिकार** : साधारण सभाको काम कर्तव्य र अधिकार देहाए वमोजिम हुने छ ।

क) कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरु र वार्षिक वजेट पारित गर्ने ।

ख) लेखा परीक्षकबाट प्राप्त भएको वार्षिक लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमित वेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने वेरुजु रकमहरु असुल उपर गरी फर्छ्यौट् गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।

ग) आगामी वर्षको लागि लेखा परीक्षकको नियुक्ति गर्ने ।

घ) संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मूल्यांकन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

ङ) संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरुको विधान वमोजिमको प्रक्रिया अन्तर्गत रही निर्वाचन गर्ने ।

च) कार्य समितिद्वारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

ज) कार्य समितिबाट संस्थाको हितअनुकूल भएका काम-कारवाहीहरुको अवस्था हेरी अनुमोदन गर्ने ।

झ) संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्यसमितिले पेश गरेको कर्मचारीहरुको दरवन्दी, पारिश्रमिक भत्ता, तथा अन्य सुविधाहरुमा आवश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने ।

१३. **कार्य समितिः-**

(१) कार्य समितिको छनौट वार्षिक साधारण सभाबाट हुनेछ तर प्रथम वार्षिक साधारण सभा नभएसम्मको लागि निम्न वमोजिम अध्यक्ष तथा पदाधिकारी रहेको ...... सदस्यीय कार्य समिति गठन गरिनेछ ।

(१) ....................................अध्यक्ष
(२) ....................................उपाध्यक्ष
(३) ....................................सचिव
(४) ............................... कोषाध्यक्ष
(५) ....................................सदस्य
(६) ....................................सदस्य
(७) ....................................सदस्य

(२) कार्यसमितिको कार्यकाल ३ वर्षको हुनेछ ।

(३) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा वांकी अवधिका लागि कार्य समितिका सदस्यको मनोनित कार्य समितिद्वारा गर्न सकिनेछ । कुनै सदस्यको पद बिचमा रिक्त भएमा सो पदका लागि नियुक्त भएको सदस्यको कार्यकाल सो सदस्य जुन सदस्य पद रिक्त भई नियुक्त भएको हो सो सदस्य वांकी कार्यकालसम्मका लागि मात्र हुने छ ।

(४) कार्यसमितिको वैठक आवश्यकता अनुसार अध्यक्षले वोलाउने छ । तर कार्य समितिको पदाधिकारीहरुको जम्मा संख्याको ५१ प्रतिशतले वैठक वोलाउन माग गरेमा अध्यक्षले कार्यसमितिको वैठक तुरुन्त बोलाउनु पर्नेछ ।

(५) कार्य समितिका पदाधिकारीहरुको कूल संख्याको ५१ प्रतिशत सदस्यहरु उपस्थित नभै, कार्य समितिको वैठक हुने छैन ।



Scanned with CamScanner

(६) कार्य समितिको वैठकमा अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र निज पनि नभएमा वैठकमा उपस्थित सदस्यहरु मध्ये जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

(७) कार्य समितिको वैठकमा वहुमतको निर्णय मान्य हुनेछ र मत वरावर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(८) कार्य समितिको वैठकमा छलफल भएको विषय र तत् सम्वन्धमा भएको निर्णय विवरण (माईन्युट) छुट्टै किताबमा लेखि राख्नु पर्नेछ । सो निर्णय विबरणमा वैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुको सम्पूर्ण सदस्यहरुले सही गर्नु पर्ने छ तर निर्णयमा असहमती जनाउनेहरुले कैफियत खोली सही गर्नु पर्नेछ ।

(९) संस्थाले गर्ने भनेको सम्पूर्ण कार्य समितिको निर्णयबाट हुनेछ ।

(१०) माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्य समितिले गर्न पाउने कुनै कार्यको सम्वन्धमा कार्य समितिका सवै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम वैठक विना पनि गर्न सकिने छ । उपरोक्त वमोजिमको सहमतिलाई कार्य समितिको वैठकको निर्णय सरह मानिने छ ।

१४. **कार्य समितीको काम कर्तव्य र अधिकार** :- कार्य समीको काम कर्तव्य र अधिकार देहाए वमोजिम हुनेछ ।

१ संस्थाको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित वजेट वनाई साधारण सभामा प्रस्तुत गर्ने ।

२. विधान वमोजिमको व्यवस्था पालना गरि साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने ।

३. संस्थाको हितमा हुने कार्यक्रमहरु सन्चालन गर्ने ।

४. साधारण सभा प्रति उत्तरदायी रहने ।

५. संस्थाको उद्धेष्य प्राप्तीका लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपभोग प्रयोग गर्ने ।

६. संस्थाको कार्य सम्पादन गर्न कार्य योजना वनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरिवेक्षण र अनुगमन गर्ने ।

७. संस्थाको कोष र सम्पति सुरक्षित तरिकाले राख्न लगाउने र वैंक खाता खोली सन्चालन गर्ने ।

८. संस्थाको कर्मचारीहरुको सेवा शर्त र सुविधा आदी सम्वन्धी कर्मचारी नियमावली वा विनियम वनाई साधारणसभावाट स्विकृत गराई लागु गर्ने गराउने ।

९. संस्थाको उद्धेष्य परिपुर्तिको लागि आफनो कार्य अवधीमा उपयुक्त व्यक्तिहरुको सल्लाहाकार समितीका अनय समिती, उपसमिती गठन गर्ने र आवश्यकता अनुसार कार्यको वांडफांड गर्ने ।

१०. संस्थाको नेतृत्वदायी भुमिका खेल्ने ।

१५. **पदत्याग गर्न सक्ने** :-अध्यक्षले उपाध्यक्ष मार्फत कार्य समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्ने छन् ।

१६. **अन्य समितिहरु :-**

१. यस विधानको परिधी भित्र रहेर संस्थाको कार्य संचालनको लागि कार्य समितिको आवश्यकता अनुसार अन्य समिति वा उप समिति गठन गर्न सक्नेछ । यसरी गठन भएका अन्य समिति वा उप समितिहरुको काम कार्य समितिले तकिदिए



Scanned with CamScanner

बमोजिम हुनेछ। तर यस्ता समिति वा उप समितिहरुका गठन साधारण सभाको बैठकद्वारा अनुमोदन गराउनु पर्नेछ।

२. उप समितीहरुको कार्यहरु कार्य समितीले तोकी दिए बमोजिम हुनेछ।

## परिच्छेद - ५
## पदाधिकारीहरुको काम कर्तव्य र अधिकार

१७. **पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :** कार्य समितीका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाए बमोजिम हुनेछ।

(क) अध्यक्षको काम, कर्तव्य र अधिकार :

(क) समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक संचालन गर्ने।

(ख) निर्णायक मत दिने।

(ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने।

(घ) संस्थाको नेतृत्व लिने।

(ङ) आवश्यकतानुसार बैठकहरु बोलाउन सचिवलाई निर्देशन दिने।

(च) अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बांडफांड गर्ने।

(छ) अभिलेख प्रमाणित गर्ने।

(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :

(क) अध्यक्षलाई सहयोग गर्ने।

(ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने।

(ग) अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने।

(ग) सचिवको काम कर्तव्य र अधिकार:

(क) संस्थाको सचिवालयको रेखदेख र संचालन गर्ने।

(ख) अध्यक्षको निर्देशन अनुसार बैठक सभा बोलाउने।

(ग) अभिलेख सुरक्षीत राख्ने।

(घ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने।

(घ) कोषाध्यक्षको काम कर्तव्य र अधिकार:

(क) संस्थाको कोषको रेखदेख र संचालन गर्ने।

(ख) साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने।

(ग) लेखा दुरुस्त राख्ने।

(घ) नियमित रुपमा वार्षिक लेखा परीक्षण गराउने।

(ङ) सदस्यहरुको काम, कर्तव्य र अधिकार:

(क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने।

(ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने।

१८. **गणपूरक संख्या :** कूल सदस्य संख्याको ५१ (एकाउन्न) प्रतिशत प्रतिनिधित्व हुने गरि साधारण सदस्यहरुको उपस्थित नभै साधारण सभाको काम कारवाही हुने छैन। तर विधानको दफा ११ को (४) मा उल्लेख भए बमोजिम, पुनः बोलाईएको साधारण सभामा कूल सदस्य संख्याको ५० प्रतिशत उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन। दोश्रो पटक पनि तोकीएको संख्यामा उपस्थित नभए ४० प्रतिशतलाई नै गणपुरक संख्या मानिनेछ।

## परिच्छेद - ६
## आर्थिक व्यवस्था

१९. **संस्थाको कोषः** (१) गाउँपालिका क्षेत्र भित्र रहेको बैंकको खातामा संस्थाको आफनो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछन् :



Scanned with CamScanner

(क) सदस्यता शुल्क बापत प्राप्त रकम ।
(ख) कसैले स्वईच्छाले दिएको अनुदान रकम ।
(ग) संस्थाको चल अचल सम्पति वा अन्य वस्तुको विकिवाट प्राप्त रकम ।
(घ) स्थानिय तहवाट प्राप्त अनुदान सहयोग वापत प्राप्त रकम ।
(ङ) संघिय वा प्रादेशिक सरकार तथा अन्य स्वदेशी वा विदेशी संस्थावाट सहयोग वापत प्राप्त रकम ।

२. विदेशी संघ संस्था अनुदान लिने भए संस्थाले प्रचलित कानून अनुसार नेपाल सरकारको सम्बन्धीत निकायको स्वीकृति लिएर प्राप्त गर्न सक्नेछ ।

२०. **खाता संचालन:**
स्थानिय वैंकमा जम्मा गरि वैंक खाता सन्चालन गरिनेछ । संस्थाको अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ । ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था गरिने छ ।

२१. **कोषको रकम खर्च गर्ने तरिका:** संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय वमोजिमको तरिका अपनाई खर्च गरिने छ ।
क) संस्थाको वार्षिक वजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषवाट खर्च गर्न सकिने छैन ।
ख) साधारण सभावाट पारित वजेट र कार्यक्रमको अधिनमा रही कोषवाट रकम खर्च गर्न सकिनेछ ।
ग) कोषवाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नुपर्नेछ ।
घ) कोषको रकम खर्च गर्दा तोकिए वमोजिम खर्च गर्नु पर्ने छ ।

२२. **संस्थाको लेखा र लेखा परीक्षण:**
१. संस्थाको आय व्ययको लेखा प्रचलित कानून वमोजिम स्पष्ट तवरले राखिने छ ।
२. संस्थाको लेखा परीक्षण प्रचलित कानून वमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ।
३. गाउँपालिकाले चाहेमा जुनसुकै वखतमा पनि आफैं वा वडा अध्यक्ष र वडा सपचव मार्फत संस्थाको हिसाव किताव जांच गर्न गराउन सक्नेछ ।
४. लेखा परीक्षकको नियुक्ति कार्य समितिवाट हुनेछ र उक्त लेखा परिक्षको नियुक्ती र लेखा परिक्षण प्रतिवेदनलाई वार्षिक साधारण सभाले अनुमोदन वा पारित गर्नुपर्नेछ।
५. संस्थाको लेखा परीक्षण प्रतिवेदन र वार्षिक साधारण सभा निर्णय र कार्य प्रगति विवरण १/१ प्रति गाउँपालिका र सम्बन्धीत वडा कार्यालयमा पेश गरिने छ ।

## परिच्छेद-७
## निर्वाचन, अविश्वासको प्रस्ताव,विधान संशोधन सम्वन्धी व्यवस्था

२३. **निर्वाचन सम्वन्धी व्यवस्था:**
१. कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढीमा तिन जनाको एक निर्वाचन समिति कार्य समितिको सहमतिद्वारा गठन गरिने छ ।
२. निर्वाचन समितिले प्रचलित कानूनको परिधी भित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्ने छ ।
३. निर्वाचन सम्वन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ
४. निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समितिको स्वत: विघटन हुने छ ।

२४. **उम्मेदवार हुने योग्यता:**



Scanned with CamScanner

कार्य समितिको उम्मेदवार हुन देहाय वमोजिमको योग्यता पुगेको हुन पर्ने छ ।

क) विधानत: कार्य समितिले तोके वमोजिम योग्यता पुगेको हुनुपर्ने छ ।

**२५. अविश्वासको प्रस्ताव:**

१. अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय वमोजिमको रित पुर्‍याई संस्थामा दर्ता गर्नु पर्नेछ ।

क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्छ ।

ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनु पर्छ ।

ग) साधारण सभा सदस्यहरु मध्ये बाट कम्तीमा १/४ (एक चौथाई) सदस्यहरुको प्रष्ट नाम थर र ठेगाना सहित खुलाई सही भएको हुनु पर्नेछ ।

२. उपदफा १ वमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा वस्ने स्थान, मिति, समय समेत तोकी संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११ (४) वमोजिम साधारण सभा वा विशेष साधारण सभा वस्ने सूचना दिईने छ ।

३. <u>अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रिया:</u>

क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उप-दफा १ वमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्ने छ ।

ख) उप-दफा ३ (क) वमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तिन जना सदस्यहरुलाई अध्यक्षले अमित प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ग) उप-दफा (१) वमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरु राख्न अनुमति दिईने छ ।

४. <u>अविश्वासको प्रस्ताव माथि निर्णय:</u>

१. अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भए पछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको वहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय वमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्ने छ ।

क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर वा

ख) साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

२. साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुई तिहाई) वहुमतले अविश्वासको प्रस्ताव पारित हुने छ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पद मुक्त हुने छन् ।

३. निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुन: अविश्वासको प्रस्ताव ल्याउन पाईने छैन ।

**२६. विधान संशोधन:**

कुल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजको लागि गाउँपालिका समक्ष



Scanned with CamScanner

सिफारिश गरी पठाउनु पर्ने छ। गाउँपालिकाबाट स्वीकृत भएपश्चातमात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ। तर संस्थाको नाम परिवर्तन हुनेछैन।

२७. **नियम बनाउन सक्ने:**

१. संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम विनियम बनाउन सक्नेछ र सो नियम साधारणसभा वाट पारित गराई लागु हुनेछ र सोको जानकारी गाउँपालिकालाई दिनु पर्ने छ।

२. यो विधान र विधान अन्तर्गत वनेको नियमको अधिनमा रहि संस्थाको कार्य सन्चालन र उद्धेष्य कार्यान्वयनका लागि कार्यसमितीले कर्मचारी व्यवस्था र अर्थिक प्रशासन सम्वन्धी विनियम वनाई लागु गर्न सक्नेछ। त्यस्तो विनियमहरु साधारणसभा वाट अनुमोदन गराउनु पर्नेछ।

२८. **कर्मचारीको व्यवस्था :**

क) संस्थाको दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारी दरवन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

ख) संस्थाले प्रचलित कानून र नियम अनुसार विदेशी सहयोग प्राप्त गरी संस्थामा विदेशी सल्लाहकार वा स्वयंसेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि पुऱ्याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण गाउँपालिमा र सम्बन्धीत वडा कार्यालयमा पेश गरिनेछ।

२९. **संस्था खारेजी :**

१. साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेजी गर्न सक्नेछ।

२. उप-दफा १ वमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा वढी लेखा परिक्षकहरु नियुक्त गर्न सक्नेछन। लेखा परिक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए वमोजिम हुनेछ।

३. उपदफा २ बमोजिम नियूक्त लेखापरिक्षकले संस्था खारेजी सम्वन्धि काम कारवाही गर्नेछन्

४. यसरी कारणवश संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी वांकी रहने सम्पुर्ण जायजेथा गाउँपालिकाको हुनेछ।

३०. **व्याख्याः-** यो विधान र विधान अन्तरगत वनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ

३१. **गोप्यता भंग गर्न नहुने :-** यस संस्थाका कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुदैन। कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले वैठक वा साधारण सभामा असभ्य र अश्लिल शव्दको प्रयोग गर्न पाईने छैन।

३२. **ऐन अनुसार हुने :** यस विधानमा उल्लेख नभएका कुराहरु कानून वमोजिम हुनेछ र संस्था दर्ता ऐन, नियम र प्रचलित कानूनसंग वाझिन गएमा वाझिएको हदसम्म स्वत: निष्कृय हुनेछन।

३३. **निर्देशनको पालना :** स्थानीय सरकारले समय, समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ।

३४. **तदर्थ समिति :**

१. यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिना भित्र विधान अनुसारको कार्य समिति छनौट गर्नको लागि निर्वाचन समितिको गठन गर्नु पर्नेछ। सो को जानकारी गाउँपालिका र सम्बन्धीत वडा कार्यालयलाई दिईनेछ।

२. प्रथम पटक निर्वाचन सम्पन्न नभए सम्मको अवस्थामामा तदर्थ समितिले गरेका कामहरु यसै विधान सरह भएको मानिनेछ।

३५. **हामी ..................संस्था**का निम्न संस्थापक सदस्यहरु यस विद्यान वमोजिम कार्य गर्न मन्जुर भई निम्न साक्षीको रोहवरमा विद्यानमा सहीछाप गर्दछौं।



Scanned with CamScanner

| संस्थापकको नाम, थर र ठेगाना र सहिछाप | साक्षीको नाम, थर, वतन र सहीछाप |
|---|---|
| दस्तखत :-<br>१)नाम :- ..........<br>ठेगाना :-चुलाचुली , इलाम । | दस्तखत :-<br>नाम :-<br>ठेगाना :- चुलाचुली , इलाम । |
| दस्तखत :-<br>२)नाम :- ..........<br>ठेगाना :-चुलाचुली , इलाम । | दस्तखत :-<br>नाम :-<br>ठेगाना :- चुलाचुली , इलाम । |
| दस्तखत :-<br>३)नाम :- ..........<br>ठेगाना :-चुलाचुली , इलाम । | दस्तखत :-<br>नाम :-<br>ठेगाना :- चुलाचुली , इलाम । |
| दस्तखत :-<br>४)नाम :- ..........<br>ठेगाना :-चुलाचुली , इलाम । | दस्तखत :-<br>नाम :-<br>ठेगाना :- चुलाचुली , इलाम । |
| दस्तखत :-<br>५)नाम :- ..........<br>ठेगाना :-चुलाचुली , इलाम । | दस्तखत :-<br>नाम :-<br>ठेगाना :- चुलाचुली , इलाम । |
| दस्तखत :-<br>६)नाम :- ..........<br>ठेगाना :-चुलाचुली , इलाम । | दस्तखत :-<br>नाम :-<br>ठेगाना :- चुलाचुली , इलाम । |
| दस्तखत :-<br>७)नाम :- ..........<br>ठेगाना :-चुलाचुली , इलाम । | दस्तखत :-<br>नाम :-<br>ठेगाना :- चुलाचुली , इलाम । |



Scanned with CamScanner

## <u>अनुसूचि -१</u>
## संस्थाको छाप र चिन्हको विवरण

संस्थाको छापमा नेपालीमा .................संस्था रहनेछ। ...............................।



Scanned with CamScanner

मिति-.........................

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यु,
चुलाचुली गाउँपालिका, गाउं कार्यपालिकाको कार्यालय ,
चुलाचुली, इलाम ।

**विषय :- संस्था दर्ता गरि पाउं ।**

महोदय,

हामीले "........................" नामक सामाजिक संस्था, नामक सामाजिक संस्था, चुलाचुली गाउँपालिकाको संघ/संस्था दर्ता एवं सुचिकृत गर्ने सम्वन्धी ऐन, २०७६ वमोजिम दर्ता गर्न चाहेकोले लाग्ने दस्तुर यसै साथ राखी प्रस्तावित विधानको आवश्यक ३ प्रति, बैठक निर्णयको फोटोकपी। वडा कार्यालयको सिफारिस र पदाधिकारीहरुको नागरिकताको प्रमाणित प्रतिलीपी १। १ प्रति समेत यसै साथ संलग्न गरि देहाएको विवरण खुलाई निवेदन गरेका छौं ।

विवरण

**१. संस्थाको नाम :** ................................ ।

**२. संस्थाको ठेगाना** :- ................................ ।

**३. संस्थाको मुलभुत उद्देष्य :-**

१.

२.

**४. प्रवन्ध समितीका पदाधिकारी:-**

| क्र.स. | नाम थर | संस्थापकको पद | स्थायी वतन | पेशा | दस्तखत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |

**५. संस्थाको आर्थिक श्रोत** :- सदस्यहरुवाट प्राप्त रकम तथा अन्य अनुदान सहयोग ।

..........................................

(संस्थाको अध्यक्ष/सचिव)



Scanned with CamScanner